लेखापरीक्षण प्रतिवेदन

चामे गाउँपालिका, मनाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

चामे गाउँपालिका, मनाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/449

श्रीमान अध्यक्षज्यू,
चामे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, मनाङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/449

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

चामे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मनाङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.७० लाख ५७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१ लाख २१ हजार संपरीक्षण भई नियमित गर्नुपर्ने रु.५५ लाख ३६ हजार र पेश्की बाँकी रु.१४ लाख गरी जम्मा रु.६९ लाख ३६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.४ करोड ८२ लाख १९ हजारमध्ये रु. १ करोड १६ लाख ४९ हजार फस्र्योट भई यस वर्षको थपसमेत हालसम्मअद्यावधिक बेरुजू रु.४ करोड ३५ लाख ७ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेकाछौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा-लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत त्यस पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६२	२६	७०,५७,९५७	०	२२	१,२१,०८३	०	६२	४	६९,३६,८७४	०	५५,३६,८७४	०	०	०	५५,३६,८७४	१४,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मकोबाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मनाङ	४८२१९७३७	०	११६४९३१४	३६५७०४२३	०	६९३६८७४	४३५०७२९७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको			
१	२०८१/८२	विज्ञापन बोर्ड दस्तुर	१९,३३९
२	२०८१/८२	बढी भुक्तानी	६२,२५१
३	२०८१/८२	प्रमाण पेश नगरेको	३९,४९३
जम्मा			**१२१,०८३**
गत विगत आर्थिक वर्षहरूको संपरीक्षण			

४	२०८०/८१	स्थानीय विषयको पठ्यपुस्तक छपाई	३५८२१०
५	२०८०/८१	संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ	७८२६७४
६	२०८०/८१	पेश्की बाँकी	७८७४०३
७	२०८०/८१	गाउँपालिका पुँजीगत तर्फ	२१९३४३८
८	२०७९/८०	शीत भण्डार पेश्की	३३००००००
९	२०७९/८०	शित भण्डार विमा	१२६७१३
१०	२०७९/८०	शित भण्डार एजविल्ड	४०,०००
११	२०७९/८०	विओक्यु भन्दा वढी भुक्तानी (ब्लाईज होस्टेल)	४९१८७६
१२	२०७९/८०	पेश्की व्यवस्थापन	८५४०००
१३	२०७९/८०	एजविल्ड ड्रईङ्ग	३०,०००
१४	२०७९/८०	अवकाश कोष	१५००००००
१५	२०७८/७९	ठेक्का व्यवस्थापन	११८५०००
जम्मा			**११६४९३१४**
कुल जम्मा			**११७७०३९७**

चामे गाउँपालिका, मनाङ

(८०४४०५०१३००)

चामे गाउँपालिका , मनाङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय : नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४अनुसार स्थानीय नेतृत्वको विकास र स्रोत साधनको परिचालन मार्फत स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यास संस्थागत गर्न यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उद्देश्य रहेको छ।यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ७९ वर्ग किलोमिटर क्षेत्रफल र ११२९ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।२९ देखि २०८२।०६।०१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्यय समेत रु.३६ करोड ४ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आय व्यय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८१।०८२ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छ।

आर्थिक वर्ष २०८१/८२					
आर्थिक कारोबारको एकीकृत विवरण					
प्राप्ति			**भुक्तानी**		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		६७७२८१३२	**चालु खर्च**		९६६९४०७०।०१
१.संचित कोष	४०४०९१९३.९१		१. पालिका तर्फ	५५७७६४२२।७८	
२.धरौटी	११६०११४५.८७		२.संघीय सशर्त	४०९१७६४७।२३	
३.कार्यसञ्चालन कोष	६२९४.३२		३.संघीय विशेष		
४. अन्य कोष	१५७११४९७.८		४.प्रदेशसशर्त		
यस वर्षको आय		९३३१२९१	५.प्रदेश विशेष		
१.आन्तरिक आय	९३३१२९१		**पुँजीगत खर्च**		६४६९२४३५।०३
२. वित्तीय हस्तान्तरण (संघ)		१५८७८९६१५.८६	१.पालिका तर्फ	४१०७१२०५।०३	
क) समानीकरण अनुदान	६३२२२६४०		२.संघीय सशर्त	१०००००००	
ख) राजस्व बाँडफाँट	४१०२८०९८.६३		३.संघीय विशेष	३६२१२३०	
ग) सशर्त अनुदान	५०९१७६४७.२३		४.संघीय समपुरक		
घ) समपुरक अनुदान			५.प्रदेशसशर्त		
ङ) विशेष अनुदान	३६२१२३०		६.प्रदेश विशेष	४०००००	
च) रोयल्टी			७.प्रदेश समपुरक	६००००००	
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		
३. वित्तीय हस्तान्तरण (प्रदेश)		१५१६११५९.७९	क) सामाजिक सुरक्षा	४०१३४३६	४०१३४३६
क) समानीकरण अनुदान	४२४८०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम		
ख) राजस्व बाँडफाँट	९१३१५९.७९		....		
ग) सशर्त अनुदान			**अन्तर सरकारी अख्तियारी (प्रदेश)**	१२६४४९।८७	१२६४४९।८७
घ) समपुरक अनुदान	६००००००		**ऋण फिर्ता(साँवा)**		
ङ) विशेष अनुदान	४००००००		**ऋणको ब्याज भुक्तानी**		
च) रोयल्टी			**धरौटी फिर्ता तथा सदर स्याहा**	११९२८०४।१४	११९२८०४।१४
छ) अन्य			**कार्यसञ्चालन कोषबाट भएको खर्च**	१०५४८३०।३३	१०५४८३०।३३

४.अन्तरसरकारी अख्तियारी (संघ)		४०१३४३६	**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	४०१३४३६		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		
ख) गरिबसँग विशेश्वर कार्यक्रम			**अन्य सहयोगमा सञ्चालित योजना**		
…………..			**अन्य खर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	१२६४४९.८७	१२६४४९.८७	**अनुदान फिर्ता**		
६. ऋण/वित्तीय व्यवस्था			१.संघ तर्फ		
७. धरौटी आय	२९०४५२३.३४	२९०४५२३.३४	क) सशर्त अनुदान		
८.कार्यसञ्चालन कोष आय	७४९१८०.३३	७४९१८०.३३	ख) विशेष अनुदान		
९. अन्य कोषको आय	८०००००	८०००००	ग) समपुरक अनुदान		
१०. गैरसरकारीसंस्थाबाट सञ्चालित योजना			२.प्रदेश तर्फ		
११. अन्यसहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान		
१२. अन्यआय भएमा			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		९१०२९७६३।०१
			१. संचित कोषकोमौज्दात	६२३०४७५५।७२	
			२. धरौटी	१२५१२८६५।०७	
			३. कार्यसञ्चालनकोष	१६२१२१४२।१२	
			४. अन्यकोष		
जम्मा	२५९६०३७८८.३९	२५९६०३७८८.१९	**जम्मा**	२५९६०३७८८.३९	२५९६०३७८८.३९

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवार**

गाँउपालिकाको सबै प्रकारका आम्दानी तथा खर्च वित्तीय विवरणमा समावेश गरिनुपर्दछ । गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा सामाजिक सुरक्षा तथा संरक्षण समावेश नभएको खर्च निम्न बमोजिम छ ।

सि नं	खर्च शिर्षक	बजेट	निकासा खर्च
१	सामाजिक सुरक्षा तथा संरक्षण	४०१३४३६	४०१३४३६
	जम्मा	४०१३४३६	४०१३४३६

४ **बजेट विनियोजन**

आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ:

कुल बजेट	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रतिशत
२४६१०८६८०	१२,५२,४७,०००	५०.८९	१२,०८,६१,६८०	४९.११

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.२४,६१,०८,६८०/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.१२,५२,४७,०००/- अर्थात ५०.८९ प्रतिशत र पूँजीगत तर्फ रु.१२,०८,६१,६८०/- अर्थात ४९.११प्रतिशत बजेट विनियोजन भएको छ ।

५ बजेट तथा कार्यक्रम

५.१ यस गाउँपालिकाकोआर्थिक वर्ष २०८१/८२ को बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ:

सि नं	आर्थिक वर्ष	बजेट	पूँजीगत खर्च	पूँजीगत खर्चको प्रतिशत
१	२०८१।८२	१२,०८,६१,६८०	६४६९२४३५.०३	५३.५३

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.१२,०८,६१,६८० विनियोजन गरेकोमा रु.६,४६,९२,४३५.०३ खर्च गरेको छ जुन ५३.५३ प्रतिशत मात्र हुन आउँछ । पूँजीगत खर्च क्षमतामा वृद्धी गरिनुपर्दछ ।

५.२ यस गाउँपालिकाकोआर्थिक वर्ष २०८१/८२ को बजेट र चालु खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

सि नं	आर्थिक वर्ष	बजेट	चालु खर्च	चालु खर्चको प्रतिशत
१	२०८१।८२	१२,५२,४७,०००	९,६६,९४,०७०.०१	७७.२०

पालिकाले यस वर्ष चालु तर्फ रु.१२,५२,४७,००० विनियोजन गरेकोमा रु.९,६६,९४,०७०.०१ खर्च गरेको छ जुन ७७.२० प्रतिशत हुन आउँछ ।

६ बढी जिम्मेवारी सारेको

गाँउपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको यस आर्थिक वर्षकोप्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय) गत आर्थिक वर्षको बाँकी रु. ६,७७,१८,६२०.२० मौज्दात रहेकोमा यो आर्थिक वर्षको शुरुमा रु. ६,९१,०५,३५२ जिम्मेवारी सारेको छ । गत आवको सुत्रमा देखाएको भन्दा बढी जिम्मेवारी सारेको रु. १३,८६,७३१.८ सम्बन्धमा यकिन गरी बढी जिम्मेवारी सार्नुको कारण पेश गर्नु पर्दछ ।

७ कुल आम्दानी खर्चमा आन्तरिक आयको हिस्सा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले तिन आर्थिक वर्ष २०७९।८०,२०८०।८१ र २०८१।८२ मा पालिकाले गरेको जम्मा खर्च आम्दानीको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

सि.नं	आर्थिक वर्ष	आन्तरिक आय	पालिकाको जम्मा खर्च आम्दानी	आन्तरिक आय प्रतिशत
१	२०८१।८२	९३३१२९१.२	१६१३८६५०५.०४	५.७८
२	२०८०।८१	३६७६४२४.७२	१७८०८१३४८.३९	२.०६
३	२०७९।८०	३७५७०६८.७२	२२०४८१४३९.९७	१.७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा जम्मा भएको खर्च आम्दानीको तुलनामा आन्तरिक आयको हिस्साको तुलनात्मक अध्ययन गर्दा आन्तरिक आयको प्रतिशत न्युन रहेको र आय प्रतिशतमा वृद्धि भएको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **मौज्दात रकम**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु. २४ करोड ६१ लाख ८ हजार खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. ९ करोड १० लाख २९ हजार मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न उक्त रकम विकास निर्माणमा लगानी गरी प्रतिफल लिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा हाल सम्म गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिअन्तर्गत सुत्रको प्रयोग गरी वडा कार्यालयबाट र पालिकाबाट संकलन हुने सबै राजस्व सुत्र मार्फत कारोबार गरि बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समिति पालिकामा दर्ता गरेको पाइएन ।

• पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाबाट सञ्चालित कार्यक्रमहरु अनुउत्पादक क्षेत्र र वितरणमुखि हुने गरेको साथै कार्यक्रमको लागत विश्लेषण नगरि खर्च गर्ने पद्वति रहेको ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गरेको देखिएन ।

• पालिकामा दिगो बिकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई स्थनीयकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता हालसम्म पनि अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता हालसम्म पनि अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यान्वन भएको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य

गर्नु गराउनुपर्नेमा अधिकांश पालना भएको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **योजना तर्जुमा, बजेट तथा कार्यक्रमः-**

१०.१ **बजेट सिमा निर्धारण समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले

समितिको गठन गरेको भएतापनि ऐनको व्यवस्था अनुसार गरेको देखिएन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१०.२ **बजेट तथा कार्यक्रम तर्जुमाः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१०.३ **त्रैमासिक खर्चः-** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनूसूचि २ बमोजिम ढाँचामा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				
		प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेश्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	**आषाढ महिना**
पूँजिगत खर्चतर्फ	६,४६,९२,४३५।०३	१,०६,८४,६९५।३२	१,२४,०३,३९६।१३	१९,३२,१२६।००	३,९६,७२,२१७।५८	२,६२,७२,३५२।४६
प्रतिशत		१६।५२	१९।१७	२।९८	६१।३२	४०।६१

पालिकाको कुल पूजिगत खर्च रु ६ करोड ४६ लाख ९२ हजार रहेकोमा जसको ६१।३२ प्रतिशत अर्थात ३ करोड ९६ लाख ७२ हजार अन्तिम त्रैमासिकमा खर्च भएको छ जसमा असार महिनामा मात्र रु २ करोड ६२ लाख ७२ हजारको खर्च भएको देखिन्छ। यसरी आर्थिक वर्षको अन्तमा ठूलो रकम खर्च गर्दा अनुगमन निरीक्षणमा कमी हुने, वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने जस्ता समस्या हुने भएकोले स्वीकृत कार्यक्रम अनुसार सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

१०.४ **योजना र कार्यान्वयनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना योजनामा मात्रामा बजेट छुट्याएको अवस्था छ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र.स	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु २० लाख भन्दामाथिका योजना सङ्ख्या	रु ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु ५ लाख भन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरिय	७	३	३	१
२	वडास्तरिय	१५	३	१०	२

साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

१०.५

क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१,२३,४३,०००।००	७१,६३,३२६।००	४।४४%
पूर्वाधार विकास क्षेत्र	७,७२,७२,९६६।००	४,६७,०१,३९४।०८	२८।९४%
सामाजिक क्षेत्र	७,६७,००,०००।००	६,२१,५४,९३५।५३	३८।५१%
संस्थागत विकास, सेवा प्रवाह र सुशासन	७०,६८,०००।००	१९,१२,६८६।२०	१।१८ %
अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च	७,२७,२४,७१४।००	४,३४,५४,१६३।२३	२६।९३%
जम्मा	२४,६१,०८,६८०।००	१६,१३,८६,५०५.०४	१००।००%

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्र ३८।५१ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन १।१८ प्रतिशत खर्च भएको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वियन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१०.६ **बजेट अवण्डाः-** पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकिकरणको आधारमा योजना छनौट गरी बजेट विनियोजन गर्नुपर्दछ । यस वर्ष पालिकाले सभाबाट पारित बजेट तथा कार्यक्रममा अध्यक्षको तोक आदेश अनुसार खर्च गर्ने विविध कार्यक्रम अन्तर्गत जम्मा रु. १ करोड ६३ लाख ५ हजार अवण्डा रकम विनियोजित गरेको छ । सो अवण्डा रकम यस वर्ष खर्च गरेको छैन । पालिकाले यसरी अवण्डामा बजेट विनियोजित गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

११ कानून निर्माण एवं कार्यान्वयनः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ९ वटा ऐन, ६ वटा नियमावली, २२ वटा कार्यविधि, लगायत कानुन निर्माण गरेकोमा कार्यान्यिनलाई प्रभावकारी बनाई सेवा प्रवाहमा सुधार गर्नुपर्दछ।

१२ सेवा प्रवाहः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहाय अनुसारको सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिस पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

क्र.स.	विवरण	सङ्ख्या
१	जन्म, मृत्यु र विवाह	३८
२	नाता प्रमाणित	४१
३	घर बाटो सिफारिस	३३
४	नागरिता सिफारिस	५४

१३ सम्पत्ति उपयोग र संरक्षण

१३.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाधल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छ: स्थानीय सरकार सञ्चागलन ऐन, २०७४ को दफा ९७, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वियन नगर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु र अभिलेख राख्नु पर्दछ ।

१३.२ **सम्पत्ति लेखांकनः** गाउँपलिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, कार्यालय समाग्री, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका सरकारी कार्यालय साविक गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालिकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा गाउँपालिकाको यथार्थ सम्पत्तीको अवस्था मुल्याङ्कन गर्न सकिएन। कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिन्छ।

१३.३ **घरजग्गाको लगतः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाममा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको नाममा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए कानून बमोजिम कार्यालयको नाममा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सो सम्वन्धि विवरण समेत उपलव्ध नगराएकोले विष्लेषण गर्न सकिएन ।कार्यालयले गाउँपालिकाको नाममा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने गाउँपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ गाउँपालिका जिम्मेवार हुनु पर्दछ ।

१४ **कृषि ताथा पशु अनुदानः**

कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७३ को दफा २१ मा अनुदानको प्रतिवेदन र दफा २२ बमोजिम अनुदान कार्यान्वियनसँग सम्बन्धित कार्यालयले नियमित रुपमा अनुगमन निरिक्षण गर्नुपर्ने उल्लेख छ । कार्यालयले अनुदान रकम वितरणको मापदण्ड वनाएको छैन भने मापदण्डको अभावमा अनुदान उपयोगको अनुगमन समेत वस्तुगत नहुने देखिन्छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु र सो सम्बन्धी केही व्यहोराहरु देहाय अनुसार रहेका छन्

क्र स	कार्यक्रमको नाम	बजेट रकम रु	अनुदान खर्च रकम रु
१	लोकल स्याउ विरुवा वितरण कार्यक्रम	८८,०००।००	८७,५००।००
२	कृषि यान्त्रिकिकरणको लागि सहयोग	७,५०,०००।००	३,९१,८७५।००
३	करेसाबारी प्रवर्द्धनको गर्न सिँचाई सुविधाको लागि पाईप वितरण	१,४१,०००।००	१,४०,९००।००
४	प्राङ्गारिक मल वितरण कार्यक्रम	५,००,०००।००	४,९९,६८०।००
५	निलोतुथो चुना वितरण कार्यक्रम	१,५०,०००।००	१,५०,०००।००
६	उन्नत तरकारीको बिउ वितरण कार्यक्रम	४,००,०००।००	३,९९,९६०।००
७	पशु पौष्टिक आहार वितरण कार्यक्रम	५,००,०००।००	४,८९,२७०।००
८	घाँसको विउ वितरण कार्यक्रम -जै घाँस,रा ाइ, सेतो क्लोभर	२,००,०००।००	१,७१,२००।००
९	बयर बोका वितरण	५,००,०००।००	२,६३,६४०।००
	जम्मा	२७,७९,०००।००	२५,९४,०२५।००

• उल्लेखित कृषि तथा पशु अनुदान कार्यक्रम सञ्चालन गर्दा समाग्री ढुवानी तथा जनशक्ती परिचालन र अन्य खर्च कार्यक्रम शिर्षक अन्तर्गत रु ९,००,०००।०० बजेट व्यवस्था गरी रु ६,७०,००२।०० खर्च गरेको छ । यसरी कार्यक्रमको समान ढुवानी गर्दा एकमुष्ट रुपमा मितव्ययी हुने गरी गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरी सोको प्रतिवेदन समेत पेश गर्ने गरेको पाईएन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ।

१५ **कार्यक्रम सञ्चालनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागी रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा विभिन्न तालिम गोष्ठिहरु सञ्चालन गरेकोमा केही तालिमको लागत अनुमान स्वीकृत नगरेको, कार्यक्रमको प्रभावकारीता मुल्याङकन नगरेको, जसले गर्दा कार्यक्रम वितरणमुखी हुने गरेको केही कार्यक्रमका उदाहरणहरु देहाय अनुसार रहेका छन्।

क्र स	कार्यक्रमको नाम	बजेट	कार्यक्रम खर्च रकम रु
१	धर्म संस्कृति प्रवर्धन लछ्याङ दच्याङ पर्व	५,००,०००।००	५,००,०००।००
२	खेलकुद कार्यक्रम संचालन	९,६२,०००।००	९,६१,४९६।५०
३	न्यायीक समिति मेलमिलापकर्ता तालिम	१०,००,०००।००	८,९७,४३९।००
४	विभिन्न सभा समारोह दिवस कार्यक्रम संचालन गर्न	१०,००,०००।००	२,३५,६८८।००
५	चामे गा.पा.भित्र खेलकुद कार्यक्रम	५,००,०००।००	५,००,०००।००
६	स्वास्थ्य स्वयंसेविकाहरुको अर्धवार्षिक वार्षिक समिक्षा र दिवस मनाउने खर्च	२,००,०००।००	१,१०,३५०।००
	जम्मा	४१,६२,०००।००	३२,०४,९७३।५०

यसरी लागत अनुमान स्वीकृत नगरी तालिम सञ्चालन गर्नाले खर्च गर्ने सीमा निर्धारण नहुने हुँदा खर्च नियन्त्रण हुँदैन। अतः पालिकाले लागत अनुमान तयार गरेर अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराई सो को परिधिभित्र रहेर मात्र कार्यक्रम र तालिम सञ्चालन गर्ने कार्यक्रमलाई मितव्यायी बनाउने तर्फ पालिकाले सुधार गर्नुपर्दछ ।

१६ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१६.१ **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित पालिकाको कुल ४० कर्मचारी दरबन्दी रहेकोमा २०८२।०३।३१ सम्म २६ जना दरबन्दी स्थायी पदपूर्ति भई १४ पद रिक्त रहेको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

१६.२ **करार कर्मचारी व्यवस्थाः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैंचे, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार माली र सरसफाइ सम्बन्धी लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक विभिन्न पदमा कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता बाफत रु १७,२६,१७६।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियन्त्रण गरिनु पर्दछ ।

१६.३ **कल्याण कोषः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । स्पष्ट व्यवस्था नभइ पालिकाले यस वर्ष रु ८,००,०००।०० बजेट व्यवस्था गरि खर्च लेखेको छ । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

१७ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाको पुर्ण विवरण राख्ने गरेको छैन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण समेत भएको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१८ **जिन्सी दाखिलाः**

सर्वजनिक खरिद नियमावली २०६४ को नियम (९६) को उपनियम (३) बमोजिम मालसमानको मर्मत सम्भार तथा सर्भिसिङ्ग गराउँदा प्रति इकाइ मुल्य पाँच हजार भन्दा बढी मुल्य पर्ने उपकरण वा पाटपुर्जा फेरबदल गरेको भएमा मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता म.ले.प. फारम नं ४१५ को ढाँचामा अभिलेख राख्नुपर्छ । साथै प्रतिस्थापन गरिएका उपकरण वा पाटपूर्जा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराइ सार्वजनिक निकायको पुराना सामान जिन्सी खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले विभिन्न समयमा गरेको गाडी मर्मतमा फेरबदल गरीएका देहायका समान जिन्सी दाखिला गरेको जिन्सी प्रतिवेदनमा उल्लेख छैन । फेरबदल गरिएका समान जिन्सी दाखिला गरी नियमको पालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ साथै उल्लेखित सामान जिन्सी दाखिला गर्नुपर्दछ ।

क्र.सं	आवेदनकर्ताको नाम:	गाडी नम्बर	फेरिएको सामानको नाम	रकम रु
१	दिपेन्द्र गोदार	AAA-4955 मोटर साइकल	Carburetor	१०,६१९।००
			Kit cylinder block & piston	८,४०७।०७
			Shock Absorber rear	८,७६१।०१
			Centre manual	५,६६३।७१
			HEAD LAMP ASSEMBLYLH	२३,९००।००
			TC	१६,१३५।००
			BONNET ALIGN DENTPAINT	१४,५००।००
३	मान बहादुर राना	BAA-1525 जिप	PRESSURE PUMPREPAIR	४५,०००।००
			ENGINE OVERHAULING	३०,०००।००
			ROOF PANNEL PAINT	१८,५००।००
			COMPLETE LEATHEWORKS	३५,०००।००
			Injector Repair ४ पिस	४०,०००।००
			Facia Bumper FRT	१५,५३७।००
			Kit Body Insulter BoltCombi pc	१४,८७४।००
			CV Joint FRT Alex RH	३९,५१८।००
			Bearing Double Ball 3G4WD ABS	१४,८३६।००
			डाइनोमा	३५,०००।००
			ब्याट्रि (Exide Battery 75 Ah)	१८,०००।००
			Arm Assy Lower ControlComp	१८,२११।००
			Shock ABS Assy Comp LH 4WD	१४,४२५।००
२	लोकेन्द्र बहादुर घले	AAA-4913मोटरसाइकल	Cushion Assy rear	२६,६४६।००
			जम्मा	४,५३,५२२।००

१९ जिन्सी निरीक्षण प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस कार्यालयले गत वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार पारेको छ । तर यस कार्यालयले गत वर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख गरेबमोजिमको मर्मत र लिलामी लगाएतका कार्य गरेको देखिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२० कार्यक्रम तथा प्रगति

सार्बजनिका निकायले आफुलाई तोकिएको र आफुले तोकेको लक्ष्य अनुसार शत प्रतिशत प्रगति हाँसिल हुनेगरी कार्य सम्पादन गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । कार्यालयले पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा

लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट दोहोरो भएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार रहेका छन् ।

क्रम संख्या	कार्यक्रमको नाम	बिनियोजन (रु.हजारमा)
१	कोर कटीङ मेसीन खरीद	८००
२	फोहोरमैला व्यवस्थापन मेसिन खरिद	१०००
३	चामे ठाडोखोला विद्युत आयोजना स्थल वातावरण प्रभाव मुल्याङ्कन क्रमागत	९००
४	बसपार्क निर्माण क्रमागत	५००
५	चामे विच बजार विद्युत लाइन सिसि क्यामरा फाइवर अन्डरलाइन र सडक वत्ती जडान	५५००
६	खानेपानी तथा ढल मर्मत	२००
७	फोहर संकलन केन्द्र ट्रस निर्माण	२०००
९	पालिका हलमा स्टेज निर्माण र सौचालय मर्मत	५००
१०	चामे सीटीहल साउण्ड एव्जरवर जडान	१०००
११	चामे बजार क्षेत्रका सार्वजनिक सम्पत्तीको संरक्षण गर्न मर्मत तथा रंगरोगन कार्य	२००
१२	वडा नं २ कार्यालय भवन वायरिङ	५००
१३	कोतो हेली प्याड निर्माण	९००
१४	माडा खानेपानी पाइप व्यवस्थापन	५००
१५	चर्चे बृज, लता माराङ तातोपानी, थानचोक क्युपार झो पु, चामे २, चामे गाँउपालिका	१०००
	जम्मा	१५५००

पालिकाको भौगोलिक अवस्थिति सुहाउँदो कार्यक्रमहरू निर्धारण गरी सो को लागीकार्यक्रमहरु दोहोरो नपर्ने गरी बजेट व्यवस्था गर्नुपर्दछ ।

२१ **कार्य योजना**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्वार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ ।पालिकाले विपद व्यवस्थापन सम्बन्धमा ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन । जसले गर्दा पालिका भित्र कुनै पनि प्रकारका विपद आईपरेमा सो को नियन्त्रण हुन सक्ने अबस्था देखिंदैन । अत:पालिकाले ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार विपद व्यवस्थापन सम्बन्धमा भएका प्रावधानहरुको कार्यान्वियन गर्नु पर्दछ ।

२२ **वार्षिक प्रतिवेदन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२३ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सर्सत अनुदानबजेट उपशिर्षकबाट संयोग फर्मा सँग रु ११,४६,५८०.५० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२४ **नयाँ लघु उद्यमीको सिर्जना कार्यक्रम** (२७४/2082-12-04):

नयाँ लघु उद्यमीको सिर्जना कार्यक्रम लघु उद्यम विकास (मेड) मोडेल सम्भाव्य बजार, उद्यमीहरूको माग र उद्यम विकासको सम्भावनाको आधारमा उद्यम विकास गरिने अवधारणामा आधारित छ । यस मोडेल अनुसार कुनै पनि क्षेत्रमा उद्यम विकास गर्नका लागि तीनवटा पक्षहरूको विश्लेषण गरिनु पर्छ, जस अन्तर्गत लक्षित समूहको चाहना, उनीहरूकडे चाहना बमोजिमको उद्यमको लागि आवश्यक स्रोत स्थानीय स्तरमै उपलब्धता र सम्भावित उद्यमबाट उत्पादन हुने वस्तुको बजारको सम्भाव्यता पर्दछन् । यस अवधारणामा मुख्य गरी बजार मागको अवस्थालाई विश्लेषण गरी बजारको सुनिश्चतताको आधारमा मात्र उद्यम विकासको लागि थप प्रक्रियाहरू प्रदान गरिन्छ । उद्यम विकासका लागि उद्यमीहरूको माग, बजार सम्भाव्यता, कच्चा पदार्थमा आधारित रहेर उद्यम विकासको सम्भाव्यता हेरेर मात्र उद्यम विकासको कार्यक्रमहरू शुरु गरिन्छ ,गाँउपालिका स्तरीय नयाँ उद्यमि सृजना तथा विविध कार्यक्रम लघुउद्यम (८०४४०५०११०३) बाट बजेट रु ९,९९,७१६ खर्च भएको छ।गाँउपालिकाले ४३ जना सहभागीलाई काठमाण्डौं आते जाते रु ७००० का दरले प्रदान गरेको छ ।ओपन भइकल ट्राइल सेन्टर प्रा.लि. लाई सम्झौता मार्फत सवारी चालक तालिम प्रदान गर्न जम्मा भुक्तानी रु ६,८६,७१८ भएको छ ।यसरी पालिकाले अनुसुची ९ बमोजिम कार्यक्रमा सञ्चालन गरी कार्यक्रम लाई थप नतिजामुखी बनाउनु पर्दछ ।

२५ **इन्जिनियरिङ्ग नम्स र उपभोक्ता विलको सामञ्जस्यता:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नियमावली को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । गुरु पध्म सम्भव फाउण्डेसन पार्क निर्माण कार्यको लागि पालिका र गुरु पध्म सम्भव फाउण्डेसन पार्क निर्माण उपभोक्ता समिति वीच सम्झौता रकम रु ७५,७०,९९२।६८ को मिति २०८१।१२।३० मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०७।०९ मा सम्झौता भएको छ । यस निर्माण कार्यकोलागि गो.भौ. २९।०८१।०९।०१ वाट प्रथम रनिङ्ग विल वापत रु ३७,२२,८४५।७९ र गो.भौ. १४९।०८२।०३।२५ वाट दोश्रो तथा अन्तिम रनिङ्ग विल वापत रु २९,६२,१६५।८५ भुक्तानी भएको छ ।

इन्जिनियरिङ्ग नर्म्स अनुसार यस निर्माण कार्यको लागि श्रमिक संख्या दक्ष ६३६ र अदक्ष २६४० को कुल खर्च रु ४१,६०,१६०/०० हुनुपर्नेमा उपभोक्ता समितिवाट पेश भएको डोर हाजिरी अनुसार ३८८८ श्रमिकको डोर हाजिरी अनुसार रु ५१,९४,५६०/०० खर्च देखिन्छ । यस निर्माण कार्यको लागि इन्जिनियरिङ्ग नम्स अनुसार सवै आइटमहरुमा दक्ष र अदक्ष जनशक्ति वापत रु ४१,६०,१६०/००

भुक्तानी हुनु पर्नेमा उपभोक्ता समितिले रु ५१,९४,५६०/०० को डोर हाजिरी पेश गरेको छ । यसमा पेश भएको विल यसै कार्यका लागि उपयोग भएको वास्तविक हो भनी एकिन हुन सकेन ।

यस निर्माण कार्यमा उपभोक्ता समितिले गरेको वास्तविक कामको परिमाण नापी किताव र खर्च प्रमाणित गर्ने कागजात विच मिलान भएको देखिएन । उपभोक्ता समिति वाट व्यहोर्नुपर्ने योगदानको अशं वरावरको डोर हाजिरी पेश भएकोमा इन्जिनियरिङ्ग नर्म्स अनुसार कुन कामका लागि कति श्रमिकको आवश्यकता पर्ने हो ? कामको कुनै आइटममा एक श्रमिकले एक दिनमा प्रति इकाइ कति र कुल कति परिमाण कार्य गर्न सक्छ भनी एकिन नगरी आवश्यकताभन्दा बढी डोर हाजिर राखि खर्च लेखेको पाइयो । इन्जिनियरिङ्ग नर्म्स अनुसार कामको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाइ वीच सामञ्सयता हुनुपर्दछ ।

२६ **ठे.नं. -05/SQ/081/082:-**

गो.भौ. १०१।०८२।०२।२३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(९क) मा पहिलो पटकको सूचना बमोजिम पेश भएका दरभाउपत्रमध्ये न्युनतम तीन वटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्रै सबैभन्दा कम कवोल अङ्क रहेको दरभाउपत्र स्वीकृतको लागि मूल्याङ्कन समितिले छनोट गर्नुपर्ने व्यवस्था छ ।यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत रु ९,४३,२९६।४६ भुक्तानी भएको छ । यस कार्यको लागत अनुमान रु ९,६१,९५४।६२(मू.अ.कर समेत) रहेकोमा यस निर्माण कार्यको लागि शिलवन्दी दरभाउपत्र मार्फत व्यवस्थापन गरिएकोमा तीनवटा निर्माण व्यवसायी इशान निर्माण सेवाको रु ९,६२,४८८।८०, जुपिटर कन्स्ट्रक्सनको रु ९,४९,१२०।९०, र के.आई.कन्स्ट्रक्सनको रु ९,५९,०७१।६८ को कवोल अंक रहेकोमा इशान निर्माण सेवाको रु ९,६२,४८८।८० लागत अनुमानभन्दा वढी कवोल अंक रहेको छ । शिलवन्दी दरभाउपत्रमा नियम वमोजिम न्युनतम ३ वटा फर्महरु सारभुत रुपमा प्रभावग्राहीको सहभागिता भई न्यूनतम मूल्याङ्कीत फर्मको प्रस्ताव स्वीकृत हुनुपर्नेमा दुईवटा फर्महरुमात्र सारभुत रुपमा प्रभावग्राही रहेको अवस्थामा समेत न्युनतम मूल्याङ्कित निर्माण व्यवसायी छनोट गरी खरिद व्यवस्थापन गर्ने कार्य नियम सम्मत भएन ....

अनियमित भएको	९,४३,२९६

२७ **ठे.नं. ०३/०८०-०८१:-**

चामे उद्योग्राम सडक र अन्य संरचना निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी ईशान निर्माण सेवा वीच कवोल अंक रु २,०४,२८,९८१।५४ को मिति २०८१।१२।२३ मा काम सम्पन्न गर्नेगरी मिति २०८०।१२।२३ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

क . वढी परिमाण भुक्तानी र कट्टी: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अन्तिम विलको नापी गर्दा अघिल्लो विलमा चढाएको निम्नानुसारको परिमाण वढी चढेको भनी अन्तिम विलमा रकम कट्टी गरी भुक्तानी भएको छ । निम्नानुसारको आइटममा वढी भएको भनी यस विलवाट रकम कट्टा गरेको छ :

आइटम	वढी भुक्तानी परिमाण	वढी भुक्तानी रकम
Dry Stone filling & compaction in foundation	३१६.५६ m3	९४९६६९.३५
Reinforcement steel cutting bending & binding in Position	८१८.८० kg	१६३७६०
	जम्मा	१११३४२९.३५
	मू.अ.कर थप	१४४७४५.८२
	कुल जम्मा	१२५८१७५.१७

फाउण्डेसनको Dry Stone filling & compaction को काम अघिल्लो विलवाट भुक्तानी भएकोमा नापी किताव वास्तविक नभएको देखियो जसले गर्दा निर्माण व्यवसायीवाट करिव नौ महिना सम्म रु १२,५८,१७५।१७ कुनै जमानत र व्याज वेगर उपयोग गरी आर्थिक लाभ लिएको देखिन्छ । अन्तिम चरणको कार्य गर्दा शुरुमा गर्नुपर्ने कार्यको कामको मूल्याङ्कन गरी नापी किताव तयार गर्दा अघिल्लो विलवाट वढी भुक्तानी दिएकोले दोश्रो विलको भुक्तानी गर्दा वास्तविक नापी नगरी निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । आगामी दिनमा यस्तो कार्यमा सुधार हुनु पर्दछ ।

२८ **संरक्षण क्षेत्रको राजस्व**

अन्नपुर्ण संरक्षण क्षेत्र भित्र पर्ने स्थानमा रहेका प्राकृतिक स्रोतको उपयोग, बिक्री र निकासी शुल्क संकलनमा अन्नपुर्ण संरक्षण आयोजनाले रोक लगाईरहेको, वन तथा निकुञ्ज सम्बन्धी ऐन कानुनले स्थानीय सरकारका अधिकारलाई अंकुश लगाउने कार्य भएको उल्लेख गर्दै यस यस गाउँपालिका समेत १५ वटा पालिकाहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम अधिकार प्रयोग गरी पालिका क्षेत्र भित्रपर्ने स्थानमा रहेका ढुंगा, गिट्टि, वालुवा, माटो, काठ, दाउरा, जडिबुटी, स्लेट, खरिढुंगा आदी प्राकृतिक स्रोतको उपयोगबाट स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धी अधिकार प्रयोग गर्न पाउनु पर्ने भनी कानुन संसोधन गर्न संयुक्त रुपमा २०७९ फागुन १७ मा निर्णय गरेको पाईयो । नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको २०८०।०९।०५ मा प्रकाशित सुचना अनुसार विभिन्न शर्त सहित २०८५ असार मसान्तसम्म राष्ट्रिय प्रकृति संरक्षण कोषलाई अन्नपुर्ण संरक्षण क्षेत्रको व्यवस्थापन गर्ने जिम्मेवारी सुम्पने निर्णय गरेको पाईयो । नेपाल सरकारले नेपाल राजपत्रमा प्रकासन गरेको सुचना अनुसार शर्त नं १ मा नेपाल सरकारबाट निर्णय भएको मितिले पाँचमहिना भित्र राष्ट्रिय प्रकृति संरक्षण कोषले अन्नपुर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गरी पेश गर्ने, सो व्यवस्थापन योजना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१क) बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले एक महिनाभित्र स्वीकृत गर्ने र राष्ट्रिय प्राकृतिक स्रोत संरक्षण कोषले सोही बमोजिम संरक्षण तथा व्यवस्थापन गर्ने र शर्त नं २ मा राष्ट्रिय प्रकृति संरक्षण कोषले संरक्षण क्षेत्रको थप व्यवस्थापन जिम्मेवारी सुम्पिएको अवधी देखी नै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (६), दफा ७ को उपदफा (१) र (२) सँग सम्बन्धित अनुसुची-४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टी सङ्घिय विभाज्य कोषमा जम्मा गर्ने उल्लेख भएको पाईयो । यसै निर्णय वमोजिम अन्नपुर्ण संरक्षण क्षेत्र भित्र पर्ने यस यस गाउँपालिकामा यस प्रयोजन वापत प्राप्त रकम खुल्ने विवरण प्राप्त नभएकोले पालिकाले यस प्रयोजनबाट प्राप्त हुने राजश्व प्राप्त गर्न सम्बन्धित निकाय सँग समन्वय गरी निर्क्यौल गर्नु पर्ने देखिन्छ ।

२९ **ठे.नं. ०६/२०८१/८२:-**

२९.१ **Construction of Slope Protection and River Training Works for Buspark and City Hall Building** कार्यको लागि पालिका र निर्माण व्यवसायी इशान निर्माण सेवा वीच कवोल अंक रु ३,४२,८२,७२०।१८ को मिति २०८४।०१।१७ मा काम सम्पन्न गर्नेगरी मिति २०८२।०१।१७ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

क . वढी लागत अनुमानः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने नहुने अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागत अनुमान रु ४,३६,६२,४७६।८० रहेको छ ।

यस निर्माण कार्यको लागत अनुमान तयार गर्दा निम्नानुसार आईटमका elements मा जिल्ला दर रेट भन्दा फरक दर राखी लागत अनुमान तयार गरेको छ । यस पालिकाले यस वर्ष ढुङ्गा, गिट्टी र वालुवाको ठेक्का लगाउने तथा अमानतवाट विक्री गरेको देखिएन । स्थानिय तहमा वालुवा तथा गिट्टी कुनै रोयल्टी नतिरी निशुल्क उपलब्ध हुने अवस्था रहेको देखिन्छ । यस निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम वमोजिम जिल्ला दररेटलाई आधार लिएको छैन भने निर्माण सामग्री स्थलगत रुपमा उपलब्ध हुने विषयमा समेत विचार गरेको छैन, जसले गर्दा लागत अनुमान रु १५,२४,३२३।४७ वढी हुन गएको छ । नियमावली वमोजिम लागत अनुमान तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

आइटम	तत्वहरु	जिल्लादर रेट प्रति घ.मी.	प्रयोग भएको दर	वढी दर प्रति घ.मी.	परिमाण घ.मी.	वढी ल.ई. रकम
M10 grade cement concrete	क्रसर गिट्टी ४० मीमी	४०००	४५८९।६२	५८९।६२	६३.६०	३७,४९९।८३
	वालुवा	३२५०	३७९९।६२	५४९।६२	६३.६०	३४,९५५।८३
M20 grade cement concrete	क्रसर गिट्टी ४० मीमी	४०००	४५८९।६२	५८९।६२	१४२.६३	८४,०९७।५०
	क्रसर गिट्टी २० मीमी	४०००	४५८९।६२	५८९।६२	१४२.६३	८४,०९७।५०
	क्रसर गिट्टी १० मीमी	४०००	४५८९।६२	५८९।६२	१४२.६३	८४,०९७।५०
	वालुवा	३२५०	३७९९।६२	५४९।६२	१४२.६३	७८,३९२।३०
M25 grade cement concrete	क्रसर गिट्टी २० मीमी	४०००	४५८९।६२	५८९।६२	६४८.५१	३,८२,३७४।४७
	क्रसर गिट्टी १० मीमी	४०००	४५८९।६२	५८९।६२	६४८.५१	३,८२,३७४।४७
	वालुवा	३२५०	३७९९।६२	५४९।६२	६४८.५१	३,५६,४३४।०७
					जम्मा	१५,२४,३२३।४७

२९.२ **ख . पेश्की जमानतको अवधि :** खरिद सम्झौताको विशेष शर्तको GCC57.1 मा The Advance Payments shall be 10% and shall be paid in two equal installments to the contractor को व्यवस्था छ ।खरिद सम्झौताको विशेष शर्तको GCC57.3 मा Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective Monthly Interim Payment Certificate until such time as the advance has been repaid, Provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract Period उल्लेख छ । यस निर्माण कार्यको लागि निम्नानुसार मोविलाईजेशन पेश्की भुक्तानी भएको छ ।

गो.भौ र मिति	पेश्की भुक्तानी	अग्रिम बैंक जमानतको अवधि
१८।०८२।०२।०९	१७,१४,०००	२०८२।०८।०१
२३।२०८२।०३।१८	१७,१४,०००	२०८२।०८।१५

खरिद सम्झौता अनुसार अग्रिम बैक जमानतको न्युनतम अवधि २०८३।०९।१० हुनुपर्नेमा अग्रिम बैंक जमानतको अवधि २०८२।०८।०१ र २०८२।०८।१५ मात्र रहेको छ । खरिद सम्झौता अनुसारको अवधि खाम्नेगरी अग्रिम बैंक जमानतको अवधि पेश हुनुपर्दछ ।

३० **ठे.नं. ९/०७९/०८०:-**

३०.१ वडा नं. २ कार्यालय भवन निर्माण कार्यको लागि पालिका र एक निर्माण व्यवसायी वीच कवोल अंक रु ८५,२०,५९८।५२ को मिति २०८१-०१-३० मा काम सम्पन्न गर्नेगरी मिति २०८०-०२-०१ मा सम्झौता भएको छ । यस निर्माण कार्यको हालसम्म रु ४२,३२,३०२।०० भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

क . म्याद थप: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण कार्यको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । चामे गाउँ कार्यपालिकाको मिति २०८२।०३।२३ को वैठकवाट ४ वटा निर्माण कार्यको मिति २०८२।०६।मसान्त सम्म एकमुष्ट म्याद थप भएको छ । निर्माण व्यवसायीले दिएको निवेदनमा उल्लेखित विषयहरुका कारणले कुन कुन दिन र कति दिन कार्य अवरोध भएको थियो निर्माण व्यवसायीले अभिलेख पेश गरेको छैन भने पालिकाको तर्फवाट पनि अभिलेख देखिनेगरी डेलि डायरी राखेको छैन । स्वविवेकीय तवरवाट एकमुष्ट निर्माण कार्यको म्याद थप गर्नेकार्य माथि नियन्त्रण गरी वस्तुगत आधारमा काममा अवरोध भएको अवधि गणना गरी म्याद थप गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३०.२ **ख . पेश्की फर्छ्यौट:** खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा सम्झौता रकमको ३०% ले हुने रकम वरावरको काम भएको पहिलो ठेक्का विलवाट पेश्की फर्छ्यौट शुरु गर्नुपर्ने र ठेक्का सम्वन्धी प्रत्येक मासिक विलवाट ४०% का दरले पेश्की फर्छ्यौट गर्नुपर्ने र स्वीकृत ठेक्का रकमको ८०% मूल्याङ्कन वरावरको कार्य सम्पादन हुदा सम्पूर्ण पेश्की रकम फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको निम्नानुसार खरिद सम्झौता अनुसार भुक्तानी विलवाट पेश्की फर्छ्यौट गरेको देखिएन । यसले गर्दा निर्माण व्यवसायीलाई लाभ पुग्ने देखिन्छ । खरिद सम्झौताको परिपालना गरी पेश्की फर्छ्यौट हुनुपर्दछ ।

गो.भौ. र मिति	विल संख्या	विल रकम	फर्छ्यौट हुनुपर्ने	फर्छ्यौट भएको
आ.व. २०८०/८१	प्रथम	४२,३२,३०२	१६,९२,९२०	०

३०.३ **ग . पेश्की जमानत:** खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा सम्झौता रकमको ३०% ले हुने रकम वरावरको काम भएको पहिलो ठेक्का विलवाट पेश्की फर्छ्यौट शुरु गर्नुपर्ने र ठेक्का सम्वन्धी प्रत्येक मासिक विलवाट ४०% का दरले पेश्की फर्छ्यौट गर्नुपर्ने र स्वीकृत ठेक्का रकमको ८०% मूल्याङ्कन वरावरको कार्य सम्पादन हुदा सम्पूर्ण पेश्की रकम फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यकोलागि भुक्तानी भएको मोविलाईजेशन पेश्की वापतको रकम रु १४,००,०००।०० मोविलाईजेशन पेश्की भुक्तानी भएकोमा अग्रिम बैंक जमानतको म्याद २०८१।०३।२५ सम्म मात्र रहेको देखिन्छ ।

अग्रिम बैंक जमानतको म्याद मिति २०८१।०३।२५ सम्म रहेकोमा मिति २०८२।०५।०९ को कृषि विकास बैंक लिमिटेडको पत्रवाट मिति २०८१।०३।२६ गते देखि लागू हुनेगरी मिति २०८२।०६।३० गते सम्म म्याद थप भएको छ । अग्रिम बैंक जमानतको अवधि समाप्त भएकोमा एक वर्ष भन्दा वढी अवधिपछी म्याद थप गर्ने कार्य उचित भएन । खरिद सम्झौताको परिपालना गरी गराई अविलम्व पेश्की असुल फर्छ्यौट हुनुपर्ने रु...

पेश्की	१४,००,०००

३०.४ **घ . कार्यसम्पादन जमानत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि रु १६,४५,०००।०० को कृषि विकास बैंक लि. वाट जारी भएको २०८२।०१।२९ सम्म म्याद रहेको कार्यसम्पादन जमानत पेश भई कार्यसम्पादन जमानतको म्याद समाप्त भएकोमा मिति २०८२।०५।०९ को कृषि विकास बैंक लिमिटेडको पत्रवाट मिति २०८३। ०७।३० सम्म म्याद थप भएको छ । हालसम्म उक्त कार्य अधुरो रहेको छ । कार्यसम्पादन जमानतको अवधि नियम वमोजिम थप गरी खरिद सम्झौताको अवधि थप गर्ने तिर पालिकाले ध्यान दिनुपर्दछ ।

३१ **बढी लागत अनुमान:-**

ठे.नं. ०१/०८१/०८२ Chame Bazar Khanepani Bistar & Dhal Nirman with Bidhut, CCTV Wire, Net Line Underground Works का लागि पालिका र निर्माण व्यवसायी राजु निर्माण सेवा प्रा.लि. वीच कवोल अंक रु ४९,४२,४७०।४६ को मिति २०८१/०९/२८ मा काम सम्पन्न गर्नेगरी मिति २०८१/०५/२८ मा सम्झौता भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १०(३) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने नहुने अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागत अनुमान रु ७०,९५,३९३।७२ रहेको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन :

क . लागत अनुमान तयार गर्दा खन्ने कार्य earthwork in excavation in hard rock को लागि सम्पूर्ण रुपमा मानिसको प्रयोग हुने गरी तयार भएको छ, जसले गर्दा प्रति घ.मी. रु ७,१०७.०० कायम हुन गएको छ । यस कार्यको लागि काम गर्नुपर्ने परिमाण ४९.९४ घ.मी. रहेकोमा निर्माण व्यवसायीको कवोल दर रु ५००।०० घ.मी. रहेको छ । लागत अनुमान तयार गर्दा मेशिनको प्रयोग हुनसक्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

ख . आइटम P.C.C (1:3:6) in foundation कार्यको लागि सिमेन्ट ०.२२ मे.ट. जिल्ला दर रेट अनुसार प्रति मे.ट. रु २०,७८०।०० हुनुपर्नेमा रु २३,२७८।०० कायम गरी रु २,४९८।०० वढी प्रयोग भएको छ । सिमेन्ट ०.२२ मे.ट. को लागि रु ५४९।५६ वढी दर कायम भएको छ । त्यस्तै शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स नं. ७-२-ग. अनुसार एग्रिगेट ०.८९ घ.मी. हुनुपर्नेमा ०.९४ घ.मी. उल्लेख भई ०.०५ घ.मी. वढी प्रयोग भएको छ । एग्रिगेटको प्रति घ.मी. रु ४,०००।०० का दरले रु २००।०० प्रति घ.मी. वढी हुन गएको छ । सिमेन्ट र एग्रिगेटको कुल रु ७४९।५६ प्रति घ.मी. वढी दर प्रयोग भएको छ । नर्म्स अनुसार रु १८,४२१।९७ प्रति घ.मी. हुनुपर्नेमा लागत अनुमान तयार गर्दा रु १९,२८३।९६ प्रति घ.मी. कायम गरी रु ८६१.९९ वढी दररेट कायम हुन गएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

ग . आइटम P.C.C (1:1.5:3) in Super Structure/RCC कार्यको लागि सिमेन्ट ०.४० मे.ट. जिल्ला दर रेट अनुसार प्रति मे.ट. रु २०,७८०।०० हुनुपर्नेमा रु २३,२७८।०० कायम गरी रु २,४९८।०० वढी प्रयोग भएको छ । सिमेन्ट ०.४ मे.ट. को लागि रु ९९९। २० वढी दर कायम भई वी.ओ.क्यू. अनुसार ५४.१५ घ.मी. प्रति घ.मी. रु ८६१.९९ ले हुने रकम रु ४६,६७६।७६ वढी लागत अनुमान वढी हुन गएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३२ **ठे .न. ४।०८१।०८२:-**

संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम कार्यक्रम अन्तर्गत लोकप्रिय मा.वि. ६ कोठे भवन तथा अन्य संरचना निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी Anshu Engineering & Construction वीच कवोल अंक रु ६१,४५,०९०।७१ को मिति २०८२।०२। २२ मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०३।१० मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

क . वजेट निकासा र खर्च: आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै

भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा वन्द गर्नुपर्ने व्यवस्था छ । गो.भौ. ३२।०८२।०३।२५ वाट यस निर्माण कार्यको दोश्रो तथा फाइनल विल वापत विजक नं. ०२८।०८२।०३।२४ को रकम रु ४४,८५,९९९।२६ मध्ये लोकप्रिय उच्च मा.वि. नमूना विद्यालयलाई रु ४४,२२,९७६।०२ भुक्तानी भएको छ । निर्माण व्यवसायीसँग पालिकाले सम्झौता गरी निर्माण कार्य भएकोमा पेश भएको प्रथम विल वमोजिम निर्माण व्यवसायीलाई भुक्तानी दिएकोमा दोश्रो तथा अन्तिम विल वापतको रकम विद्यालयको नेपाल बैंक लिमिटेडको खाता नं. १२८००१०१२५५३०५००००००१ मा रु ४४,२२,९७६।०२ जम्मा गरेको देखिन्छ । खरिद सम्झौताको अवधि समाप्त भएकोमा म्याद थप समेत नगरी विद्यालयको खातामा रकम जम्मा गरी खर्च लेख्ने कार्य उचित भएन ।

आर्थिक वर्षको अन्त्यमा निर्माण कार्य सम्पन्न हुन नसकेको र वजेट फ्रिज हुने हुदा विद्यालयको नाममा रकम भुक्तानी गरेको पालिकाको भनाई रहेकोमा निर्माण व्यवसायीले अन्तिम विल वापतको रकम भुक्तानीको लागि मिति २०८२।०३।२४ मा नै कर विजक नं. ०२८ जारी गरी पेश गरेको छ । खरिद सम्झौता वमोजिम धरौटी, अग्रिम आयकर, मू.अ.कर समेत कट्टी गरेको छैन । आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज नगराउने उद्धेश्यले निर्माण व्यवसायीले गरेको कामको नापी गरी सम्वन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्नेमा विद्यालयको नाममा निकासा दिई खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरीत देखिन्छ । खरिद सम्झौताको अवधि समाप्त भएकोमा म्याद थप समेत नगरी विद्यालयको खातामा रकम जम्मा गरी खर्च लेख्ने कार्य नियमसम्मत भएन रु......

अनियमित भएको	४४,२२,९७६

३३ **विद्यालयलाई अनुदानः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८९ (१) मा रासन बन्दोबस्त गर्नुपर्ने प्रत्येक सालको माघ १ गते देखि नयाँ आपूर्तिकर्ताले रासन आपूर्ति गर्नुपर्ने गरि सिलबन्दी दरभाउपत्र वा बोलपत्र आव्हान गरी रासन खरिद गर्नुपर्ने व्यवस्था छ । साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम संघीय विभान्यकोषबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण अनुदान रकमो उपयोग गर्दा पालिकाको आन्तरिक आय वृद्धि हुने गरि पूजिगत खर्चमा गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस आर्थिक वार्षिकमा कार्यक्रममा समावेश भएको निम्न रकमको सार्बजनिक खरीद नियमावलीको ब्यबस्था अनुसार प्रतिविद्यार्थी वार्षिक लागत अनुमान तयार गरेर रासन ठेक्का बाट आपूर्ती ब्यबस्था गर्नुपर्नेमा विद्यालयले आवश्यकता अनुसार सामाग्री खरिद गरेको बिल पेश गरेको आधारमा भुक्तानी दिने गरेको छ। साथै विद्यार्थीलाई कुन कुन दिन, कुन गुणस्तरको, के के खाना खाजा उपलब्ध गराउने भन्ने तालिका समेत तयार गरि सो अनुसारको राशन ब्यबस्था गर्ने गरेको छैन । पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिमको विद्यालयलाई अनुदान स्वरुप निम्न अनुसारको रकम भुक्तानी गरी खर्च लेखेको छ ।

सि.नं.	भौचर नम्बर र मिति	विद्यालयको नाम	अनुदान रकम रु
१	२२।२०८१/०६/१४	श्री लोकप्रिय मा.वि.	१४,००,०००।००
२	२०५।२०८१/०९/१६	”	१४,००,०००।००
३	८४२।२०८२/०३/२३	”	१४,००,०००।००
४	३२८।२०८१/१२/१९	श्री गौरीशंकर आधारभूत विद्यालय	७,००,०००।००
५	७७२।२०८२/०३/१९	”	१५,००,०००।००
		जम्मा	६४,००,०००।००

• विद्यालय वा पालिकाले लागत अनुमान तयारी गरी सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार राशन आपूर्तिको व्यवस्था नगरेर सोझै र पटके खरिद गर्ने गरेका कारण प्रति विद्यार्थी तथा प्रति शिक्षक/भान्से लागत के कति लाग्ने, विद्यार्थीलाई न्युनतम रुपमा कुन गुणस्तरको खाना खाजा उपलब्ध गराउने सम्बन्धमा एकिन गर्न नसकिनुका साथै राशन व्यवस्थामा मित्तब्ययिता तथा गुणस्तर समेत कायम हुने देखिएन ।

• यसरी समाग्री खरिद गर्दा केहि सामाग्रीहरुको बिल पालिकाको नाममा र केहि विद्यालयको नाममा रहेको तर पालिकामा जिन्सी दाखिला गरेर विद्यालयलाई हस्तान्तरण नगरी सोझै विद्यालयमा जिन्सीमा दाखिला हुने गरेको समेत पाईयो । आवासीय रुपमा विद्यालयमै बसोबास गर्ने विद्यार्थीहरुबाट विद्यालयले मासिक रुपमा शुल्क समेत उठाउने गरेको जनाएकोमा कुन कक्षाका विद्यार्थीहरुसँग के कति शुल्क लिएर कति आम्दानी हुने गरेको र विद्यालयले समेत सोही राशन ब्यबस्थामा के कति रकम खर्च गरेको सो सम्बन्धमा एकिन गर्न सकिएन ।

अनुदान उपलब्ध गराउँदा विद्यार्थीको हाजिर प्रमाणित पेश नगरेकोले आवासिय सुविधा लिने विद्यार्थीको संख्या समेत एकिन हुन सकिएन । विद्यालयमा खाद्यान्नको उपलब्धता तथा गुणस्तर सम्बन्धमा पालिकाले नियमित रुपमा अनुगमन गरि प्रतिवेदन समेत पेश गर्ने गरेको छैन । पालिकाले सार्वजनिक खरीद नियमावली, २०६४ को ब्यबस्था अनुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्र आब्हान गरी आबासीय विद्यार्थीको रासन खरिद बन्दोबस्त गर्नुपर्दछ । अतः लागत अनुमान स्वीकृत गरेर सार्वजनिक खरिद प्रक्रिया अनुसार मित्तव्ययी र गुणस्तरीय राशन उपलब्धताको व्यवस्था नगरी सोझै र पटके खरिद मार्फत आपासीय विद्यार्थीको खाना खाजा व्यवस्था लागायतमा उपलब्ध गराएको छ।

३४ **कार्यालय सञ्चालन खर्च**

३४.१ **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः** स्थानीय संचितकोष व्यवस्थापन प्रणालीको आय व्यायको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु. ९३,३१,२९१।२० देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु. ४,३४,५४,१६३।२३ रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा ४।६५ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल प्रशासनिक खर्च रु ९,६६,९४,०७०।०१ रहेकोले उक्त खर्च आन्तरिक आयको १०। ३६ गुणा बढी रहेको छ। स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ। सोही बमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ। यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ।

३४.२ **खर्च बिश्लेषण**: पालिकाले यस बर्ष आफ्नो आम्दानीमा आन्तरिक आयबाट रु ९३,३१,२९१।२० राजस्व बाँडफाँडबाट रु ४,१९,४१,२५८।४२ र अनुदानबाट रु.१४,६६,५६,१५०।०० समेत गरी कुल जम्मा रु १९,७९,२८,६९९।६२ आम्दानी भएकोमा चालु तर्फ रु. ९,६६,९४,०७०।०१ र पूँजिगत तर्फ रु. ६,४६,९२,४३५।०३ गरी रु. १६,१३,८६,५०५।०४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४।७१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५१। २७ प्रतिशत चालु र ३४।१४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

३४.३ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

३४.४ **मध्यकालीन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण

तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ। (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई, (ग) प्रस्तावित योजना कार्यन्वयन हुनसक्ने आर्थिक वर्ष र त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्च को रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

३४.५ **खरिद योजना तथा इकाई:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको छैन । बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना कार्यान्वियन नहुदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको भएता पनि सो एकाईलाई प्रमावकारी रुपमा कार्यान्वियनमा ल्याएको पाईएन । खरिद इकाई प्रमावकारी नहुँदा सोझै खरिद जस्ता विभिन्न खरिद कार्यको कमि कमजोरी हटाउने तथा मालसामान, खरिद तथा निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ। तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाईलाई प्रभावकारी वनाउन कार्यालयले ध्यान दिनु पर्दछ ।

३४.६ **मर्मत सम्भार:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाले सवारी साधन मर्मत खर्च रु १८,१४,२२८।०० र मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च रु २,४२,०८६।०० गरी जम्मा मर्मत सम्भार शिर्षकमा रु.२०,५६,३१४।०० खर्च लेखेको छ जुन कुल आन्तरिक आयको २२।०३ प्रतिशत हुन्छ। यस्तो खर्चमा नियमावलीको प्रकृया पूरा गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गरी खर्चमा मितव्ययीता र नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

३५ प्रमाण पेश नगरेको:

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३९,४९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६ सवारी साधन मर्मत खर्चः

सार्वजनिक सम्पत्तिको समयमै मर्मत सम्भार गरी प्रभावकारी प्रयोगमा ल्याउने उक्त मर्मत सम्भार संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणका आधारमा नियन्त्रण गर्न म.ले.प.फा.नं. ४१४ को मर्मत आवेदन स्वीकृत गराई ४१५ बमोजिम मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारीलाई दिइने इन्धन तथा सवारी साधन मर्मत खर्चको मापदण्ड २०८१ अनुसार प्राविधिक कर्मचारी सवारी साधन मर्मत बाफत बार्सिक रु २४०००।०० र अन्य कर्मचारीहरुलाई बार्षिक रु १५०००।०० दिनेगरी देहायका कर्मचारी मर्मत गरेको बिलका आधारमा गो.भौ.नं. ७२५ र ७२७।२०८२।०३।१६ बाट व्यक्तीलाई भुक्तानी दिएको छ

। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मार्फत मर्मत आदेश स्वकृति गराई मर्मत गर्ने सम्बन्धित फर्मको नाममा भुक्तानी दिइ व्यवस्थित गर्नुपर्नेमा नियमको व्यवस्था विपरित गरेको खर्च अनियमित भएको रु

क्र.सं	कर्मचारीको नाम	रकम रु
१	कैले गुरुङ	२३,६४०।००
२	कुमाउ गुरुङ	२३,६४०।००
३	खडग जङ्ग गुरुङ	२२,८५२।००
४	मंगल देव गुरुङ	२३,६४०।००
५	यलम्बर जेठारा	२३,६४०।००
६	लोप्साङ लामा	२३,६४०।००
७	डिल बहादुर गुरुङ	१४,७७५।००
८	लित बहादुर गुरुङ	१४,७७५।००
	जम्मा	१,७०,६०२।००

अनियमित भएको	१,७०,६०२

३७ **घरभाडाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली २०७७ को नियम ३९ (११) बमोजिम सरकारी करोबार गर्दा उचित गुणस्तर मितव्ययी तथा हानी नोक्सानी नहुने लगायतका विषयको प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले सो व्यवस्था अनुसार सुधार गर्नु गराउनु पर्नेमा पालिकाको आवश्यकता अनुसारको आफ्नै भवन रहेपनि घरधनी इन्द्र कुमारी लामा र नुर्वु छिरिङ्ग लामाको थप दुई घरका ९ कोठा भाडामा लिएको छ । सो भाडा सम्झौतामा भाडाको प्रयोजन स्पष्ट उल्लेख गरिएको छैन । साथै, सम्झौतामा समाप्ति मिति वा अवधि समेत निर्धारण नगरी भाडा दर तय गरेको कारणले गर्दा खर्च पारदर्शिता, भविष्यमा दाबी-विवाद, दुरुपयोग र लेखा परीक्षण प्रयोजनमा विश्वसनीयता कायम हुन नसक्ने अवस्था देखिन्छ । पालिकाले यस्ता खर्चमा नियन्त्रण गर्दै जानु पर्दछ ।

३८ **बदी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२१,०३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१६,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३,१०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३,१०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३,१०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **३,१०१**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **३,१०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **३,१०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **१,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **१,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **१,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **१,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **भ्रमण अभिलेख:**

भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु २२ लाख ८ हजार खर्च लेखेको छ। कार्यालयले गरेको भ्रमण खर्चको उद्धेश्य पुरा हुने गरी कानूनको पालना भएको पाइदैन । जस अन्तगर्त नियमावली अनुसार व्यवस्थित भ्रमण अभिलेख खाता नरहेको, र भ्रमण अभिलेख दुरीको विवरण आदि नराखेको कारणले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन ।दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भत्ताको दर, बिल, टिकट लगायत कानूनको पालना, खर्चमा मितव्ययिता र भ्रमण किफायती हुनुपर्ने बिषयमा ध्यान गर्नुपर्ने देखिन्छ।

४० **विविध खर्चः**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका खर्च नियमानुसार गरी विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले यस्ता विविध खर्च शिर्षकमा रु१६,७४,०००।०० बजेट व्यवस्था गरेकोमा रु १२,२४,६३१।०० खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न गरेको देखिदैन । यस्ता खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी कुन कार्यक्रम वा समारोहमा के कति खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

४१ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षक दरवन्दी र पदपूर्ति शिक्षा ऐन, २०२८ को दफा१६ च १ अनुसार जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने जस अनुसार हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा शिक्षक एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा सात जना शिक्षक रहने व्यवस्था रहेको छ। पालिकाको ऐनमा भएको व्यवस्था अनुसार कार्यन्वयन गरेको देखिएन।ऐनको पालनामा ध्यान दिनुपर्ने देखिन्छ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका चार सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र स	विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थि संख्या
१	विश्वशान्ति आ. वि. कोतो	२	४
२	लोकप्रिय मा. वि. चामे	१४	१३८
३	दिनदयालु आ. वि. थाञ्चोक	४	१
४	गौरीशंकर आ. वि. तिमाङ	७	८२
	जम्मा	२७	२२५

४२ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७५ जना रहेका छन। पालिकालेसंघीय सर्सत अनुदान बाट नौ सय थान स्यानिटरी प्याड रु.७८,३०९ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तिमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४३ **विपद समयमा सिकाई निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाई योजना (ReAL) कार्यान्वियन** (१९४-2082-03-18):

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को कृयाकलाप नं २.७.१३.३०७ अनुसार कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपदको समयमा सिकाइलाई निरन्तरता दिन अतिरिक्त सिकाइआपुरण तथा द्रुत सिकाई योजना (ReAL) कार्यान्वियनका लागि Real Menu मा रहेका सामाग्रीको स्थानीयस्तरमा सरोकारवाला हरु संग अभिमुखीकरणका कार्यक्रमका साथै कार्यन्वयनको स्रोतको नक्साङ्कन गरि कार्यान्वियन कार्यविधि बमोजिम कार्यान्वियनका गर्न अतिरिक्त सिकाइ कक्षा, उपचारात्मक कक्षा का लागि अभ्यास कक्षा सञ्चालन गरी फोकल शिक्षक मार्फत प्रतिवेदन तथा रिपोर्टिङ् गर्नु पर्दछ । यस पालिकाले कुल विनियोजित बजेटको रु ४ लाख मध्ये ३लाख पालिकाको दुई विद्यालयमा लोक प्रिय मावि तथा गौरीशंकर आधारभुत विद्यालयमा बजेट प्रदान गरि अभिमुखीकरण कार्यक्रम मात्र सञ्चालन गरेको पाइयो ।यसरी कार्यक्रमलाई नतिजामूखी बनाउन कार्यक्रम कार्यन्वयन कार्यविधि को उद्येश्य वमोजिम कार्यक्रम सञ्लान गर्नुपर्दछ ।

४४ **तलवी प्रतिवेदन**

स्थानीय सेवा (गठन तथा संचालन) नियमावली २०८० को नियम ७४ को उपनियम ४ मा कास्की जिल्ला भित्रका कार्यालयको हकमा प्रदेश किताबखानाबाट र अन्यको हकमा प्रदेश इकाइबाट तलबी प्रतिवेदन पारित गराउनु पर्नेछ । तर प्रदेश किताबखाना स्थापना नहुदाँ सम्म प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ७ जना कर्मचारीको रु.27,89,872.11र पालिकाका 19 कर्मचारीको रु 83,52,600.39 समेत रु. १,११,४२,४७२।५ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा

बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४५ **आ डि ए आई को सोधभर्नामा आधारित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना**

मुलुकभित्र रोजगारीको अवसर सृजना गरी उपलव्ध अवसरमा लक्षित युवा वर्गको पहुँच अभिबृद्धि र रोजगारसेवा तथा सुविधाको विस्तारबाट श्रम बजारमा सुधार ल्याउने उद्देश्यका साथ विश्वबैंकको ऋण सहायता अन्तर्गतको युवारोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालनका लागि रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को कार्यान्वयनको लागि स्वीकृत गरी मन्त्रालयले लागू गरेको छ । छनौट भएका लाभग्राहीलाई आयोजनाको आर्थिक सहयोगमा कामका लागि पारिश्रमिकमा आधारित न्युनतम रोजगारीमा १०० दिन अवधिको र ५० दिन अवधिको रोजगारमूलक सिप विकास गरी कूल १५० दिन आवधिको रोजगारी उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कुल ३८ लाख विनियोजन मध्ये तिन आयोजना सञ्चालनको लागि रु ६,६६,८७४।६ बजेट खर्च भएको छ । कार्यक्रम बाट जम्मा २२ जना युवा लाभान्वित भएको पाइन्छ ।पालिकाले यस कार्यक्रमको प्रभावकारिताको लागि आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा भएको व्यवस्था बमोजिम प्रभावकारी कार्यान्वियन गर्नु पर्दछ ।

४६ **पेश्की**

४६.१ **पेश्की बांकी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । यस आ.व. को म्याद ननाघेको पेश्की रु. ३४ लाख २८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फछ्र्यौट गर्नुपर्ने म्याद नाघेको तथा म्याद ननाघेको पेश्की फर्छयौट नभएकोरु ३४,२८,०००

क्र.सं.	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व. को म्याद ननाघेको रकम
३	इशान निर्माण सेवा	१७,१४,०००.००
४	इशान निर्माण सेवा	१७,१४,०००.००
	जम्मा	३४,२८,०००.००

४६.२ **गत बर्ष सम्मको पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकमतोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले गत बर्षसम्म विभिन्न कर्मचारी, पदाधिकारी, व्यक्ति तथा संस्थालाई दिएको निम्नानुसार पेश्की बांकी रु. 6०००० यस वर्षसम्म पनि फछ्र्यौट नभई बाँँकी रहेको देखिन्छ। गत वर्ष देखि बाँकी पेश्की कार्यालयले फछ्र्यौट गराउनु पर्दछ अन्यथा व्याज सहित असुल गर्नु पर्दछ।

क्र.सं.	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	गत आव को म्याद नाघेको पेश्की
१	आदित्य -सौरभ जे. भि.	८,००,०००.००
२	आदित्य -सौरभ जे. भि.	६,००,०००.००
जम्मा		१४,००,०००.००

४७ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । साथैनेपाल सरकार

मन्त्रिपरिषदको मिति २०७७।०७।२० गतेको निर्णयानुसार सार्वजनिक सम्पत्तिको लेखाकंन प्रतिवेदन र एकीकृत विवरण तयार गर्न संघ र प्रदेशका सबै सरकारी कार्यालयहरु एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७।०७८ देखि अनिवार्य रुपमा लागू गर्ने निर्णय गरेको छ। सोही निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७७।०८।०७ गते सवै स्थानीय तहका कार्यालयहरुलाई अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा लागु गर्न परिपत्र गरेको छ ।गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्तिको लेखाकंन र प्रतिवेदन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट अभिलेख शुरु गरेको छ । विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागू भएको आर्थिक वर्ष २०८१/०८२ बाट PAMS version 2 (PAMS V2) लागु गरिएकोमा PAMS version 1 मा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपदर्छ । नियमावलीको व्यवस्था अनुसार सम्पतिको जिन्सी निरीक्षण गरी सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । सरकारी सम्पत्ति तथा जिन्सी मौज्दातको वार्षिक विवरणमा देहायका सम्पत्तिहरुको मूल्य शुन्य देखाएको, मूल्य नखुलाएको र खर्च भएर जानेलाई समेत खर्च भएर नजानेमा देखाएको,कार्यालय भवन रहेको जग्गाको मूल्याङ्कन मालपोत कार्यालयबाट जारी भएको न्यूनतम मूल्याङ्कन अनुसार नभएको तथा जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वियन हुनुपर्दछ।

४८ खर्चको मितव्ययिता

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० मा सार्वजनिक निकायका कार्यालय प्रमुखले सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था छ।गोश्वरा भौचर नं.४३५, मिति २०८२-०१-१५ गते त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई गरे वापत सहमत मिडिया प्रा.लि. पोखरालाई पालिकाले सार्वजनिक सुनुवाई गरेवापत रु. १,०९,०३३.१९ खर्च लेखेको छ।यसरी पालिकाले आफैले गर्ने आफ्ना गतिविधिहरुको सार्वजनिक सुनुवाई गर्दा कम खर्चमा गर्नुपर्दछ।

४९ सुरक्षित आप्रवासन कार्यक्रम(SaMi)

सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ दफा ५ मा सूचना तथा परामर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श वित्तिय साक्षरता तथा सिपमूलक तालिम र दफा ६ मा कार्यक्रमका लक्षित सेवाग्राही आप्रवासी कामदार तथा उनीहरुको परिवारका सदस्य रहने उल्लेख छ तर जिल्ला प्रशासन कार्यालयमा राहदानीका लागि आवेदन दिन आएका व्यक्तिहरु रोजगारका क्रममा आउनसक्ने विभिन्न समस्याहरुको अवगत गराउने गर्दछ। पालिकाले सामी(SaMi) कार्यक्रमका लागि मनोपरार्श कार्यक्रम गरेको देखिन्छ।तर पालिकाले मनोपरामर्श सेवा भन्दा खर्चको लागि मात्र कार्यक्रम गरेको पाइयो। यस्ता प्रकारका कार्यक्रमको बार्षिक रुपमा प्रभावकारीताको समिक्षा गर्नमा ध्यान दिनुपर्छ ।

५० विज्ञापन बोर्ड दस्तुर

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,४४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,०४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,९५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,४९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३,२२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४,६२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१,६२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : चामे गाउँपालिका, मनाङ , चामे गाउँपालिका , मनाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नम नारायण मल्ल	२०८०-८-२०	२०८२-०४-०७
लेखा प्रमुख	नम नारायण मल्ल	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८१,५९०	५,५३६,८७४	३९,४९३	०	०	१,४००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	७,०५७,९५७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१२१,०८३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६,९३६,८७४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६७७२८१३२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	११७७६१५१७.४३	चालु खर्च	९६६९४०७०.०१
प्रदेश सरकारबाट अनुदान	१४२४८०००	पूँजीगत खर्च	६४६९२४३५.०३
राजश्व बाँडफाँट	४१९४१२५८.४२	वित्तीय/अन्य व्यवस्था	७१८७५२०.३४
आन्तरिक आय	९३३१२९१.०		
अन्य आय	८५९३५८९.५४		
कुल आय	१९१८७५६५६.३९	कुल खर्च	१६८५७४०२५.३८
बाँकी मौज्दात		९१०२९७६३.०१	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आर्थिक वर्ष २०८१।८२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१,२३,१५,१०१.८५	०	१,२३,१५,१०१.८५	४,४५,०३,८२३.७१	०	४,४५,०३,८२३.७१
१३०००	अनुदान		३,५४,१५,०००.००	०	३,५४,१५,०००.००	१३,२०,०९,५१७.२३	०	१३,२०,०९,५१७.२३
१४०००	अन्य राजस्व		०	०	०	५९,०२,९६१.९१	०	५९,०२,९६१.९१
१५०००	विविध प्राप्ति		०	०	०	८,६५,७६४.००	०	८,६५,७६४.००
क	कुल जम्मा प्राप्ति		४,७७,३०,१०१.८५		४,७७,३०,१०१.८५	१८,३२,८२,०६६.८५		१८,३२,८२,०६६.८५
३	चालु		२,०३,७५,७५६.४९	०	२,०३,७५,७५६.४९	९,६६,९४,०७०.०१	०	९,६६,९४,०७०.०१
२१०००	पारिश्रमिक / सुविधा		१,६१,१२,२६१.५८	०	१,६१,१२,२६१.५८	५,४८,५०,७६९.५९	०	५,४८,५०,७६९.५९
२२०००	मालसामान तथा सेवाको उपयोग		४२,००,८९४.९१	०	४२,००,८९४.९१	४,११,८७,५८५.४२	०	४,११,८७,५८५.४२
२५०००	सहायता (Subsidy)		०	०	०	३०,०००.००	०	३०,०००.००
२७०००	सामाजिक सुरक्षा		८,१००.००	०	८,१००.००	०	०	०
२८०००	अन्य खर्च		५४,५००.००	०	५४,५००.००	६,२५,७१५.००	०	६,२५,७१५.००
४	पूंजीगत		२७,२४,०६०.८८	०	२७,२४,०६०.८८	६,४६,९२,४३५.०३	०	६,४६,९२,४३५.०३
३१११०	भवन तथा संरचना		३२,९०२.००	०	३२,९०२.००	१,६१,०४,०७०.६५	०	१,६१,०४,०७०.६५
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		०	०	०	१२,४९,७५४.९५	०	१२,४९,७५४.९५
३११३०	अन्य पूँजीगत खर्च		०	०	०	२५,०८,५२६.५५	०	२५,०८,५२६.५५
३११५०	सार्वजनिक निर्माण		२६,९१,१५८.८८	०	२६,९१,१५८.८८	३,६८,९९,८७१.४१	०	३,६८,९९,८७१.४१

३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	७८,३०,७११.४७	०	७८,३०,७११.४७
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	९९,५००.००	०	९९,५००.००
ख)	कुल जम्मा भुक्तानी		२,३०,९९,८१७.३७		२,३०,९९,८१७.३७	१६,१३,८६,५०५.०४		१६,१३,८६,५०५.०४
ग)	बचत /कमी (ग = क-ख)		२,४६,३०,२८४.४८		२,४६,३०,२८४.४८	२,१८,९५,५६१.८१		२,१८,९५,५६१.८१
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(२,०१,१००.००)		(२,०१,१००.००)	२८,८४९.२०		२८,८४९.२०
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		-५७१.७५		-५७१.७५			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२,४४,२९,१८४.४८		२,४४,२९,१८४.४८	२,१९,२४,४११.०१		२,१९,२४,४११.०१
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		८,३९,८३,११८.५९		८,३९,८३,११८.५९	६,९१,०५,३५२.००		६,९१,०५,३५२.००
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१०,८४,१२,३०३.०७		१०,८४,१२,३०३.०७	९,१०,२९,७६३.०१		९,१०,२९,७६३.०१

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिंचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।